**प्रस्तावः मिति २०७७/०६/१८ गते आइतबार ९१ औं कार्यपालिका बैठक**

१. पूर्वाधार विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा
२. स्वर्गद्वारी आश्रमको भाडा सम्वन्धमा
३. स्वास्थ्य स्वयं सेविकाको विमा सम्वन्धमा
४. आर्थिक सहयोग सम्वन्धमा
५. प्रादेशिक कृषि बजार स्थल स्थापना टिस्यु कल्चर प्लान्ट सम्वन्धमा
६. घ वर्ग सम्वन्धमा
७. श्री सिद्ध रत्ननाथ नमुना मा.वि. घोराही-१०, नारायणपुर, सटर भवन निर्माण सम्वन्धमा
८. वडा नं. १९ वडा कार्यालय जाने बाटो मर्मत तथा ग्याबिन वाल सम्वन्धमा
९. प्रदेश ससर्त अनुदानको रकम फिर्ता प्रयोजनका लागि विनियोजन सम्वन्धमा
१०. जुरुट्टे खानेपानी डिप बोरिङको नपुग रकम सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिका अन्तर्गत पूर्वाधार विकास समितिको मिति २०७७/०६/१३ गतेको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

१.१ घोराही उपमहानगरपालिकाको वडास्तरीय सम्पूर्ण आयोजनाहरुको २०७७ मङ्सिर मसान्त सम्म उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र २०७७ चैत्र मसान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने ।

१.२ घोराही उपमहानगरपालिकाका नगरस्तरीय, समपुरक र विशेष अनुदान तर्फका ठेक्का मार्फत कार्यान्वयन हुने सबै आयोजनाहरुको २०७७ कार्तिक मसान्त सम्म सूचना प्रकाशित गर्ने । साथै नगरस्तरीय समपुरक र विशेष अनुदान तर्फका उपभोक्ता समिति मार्फत संचालन गर्न सकिने आयोजनाहरुको जानकारी २०७७ कार्तिक मसान्त भित्र वडा कार्यालयलाई गराउने ।

१.३ घोराही उपमहानगरपालिकाको भवन मापदण्ड पालना भए नभएको नियमित रुपमा अनुगमन गर्न ई.जीवन आचार्य र ई. प्रविण रावतलाई जिम्मेवारी दिने ।

**निर्णय नं. २:**

प्युठान जिल्ला साविक खाल गा.वि.स.स्थित श्री स्वर्गद्धारी आश्रमको नाममा दर्ता श्रेस्ता भएको घोराही उप महानगरपालिका वडा नं १४ मा रहेको जग्गा विगाह २-७-७.५ मिति २०७१।३।१ गतेबाट लागुहने गरि र जग्गा बिगाह ४-७-० मिति २०७४।८।१ गतेबाट लागुहुने गरि श्री स्वर्गद्धारी आश्रम प्युठान प्रथम पक्ष, घोराही उप महानगरपालिका कार्यालय दोश्रो पक्ष र घोराही अटो भिलेज ब्यवस्थापन समिति तेश्रो पक्ष विच त्रिपक्षीय सम्झौता भई अटोभिलेज संचालनमा आएको, सम्झौतामा अटोभिलेज ब्यबस्थापन समितिले पहिलो सम्झौताको जग्गा विगाह २-७-७।५ को बार्षिक प्रति बिगाह रु २४००००।- दईलाख चालिस हजारका दरले र दोश्रो सम्झौताको जग्गा विगाह ४-७-० को बार्षिक प्रति बिगाह रु २६००००।- दईलाख साठी हजारका दरले जग्गा भाडा घोराही उपमहानगरपालिका कार्यालयमा दाखिला गर्ने र सो भाडा रकम दोश्रो पक्ष घोराही उपमहानगरपालिका कार्यालयले प्रथम पक्षलाई ४१.६७ प्रतिशत, दोश्रो पक्षलाई ३५ प्रतिशत र तेश्रो पक्ष लाई २३.३३ प्रतिशतका दरले बांडफांड गर्ने भन्ने सम्झौता भएको छ। सम्झौता बमेजिमको जग्गा बाहालको तपशिलमा उल्लेखित रकम उपलब्ध गराईपांउ भनि श्री स्वर्गद्धारी आश्रमले पटक पटक पत्राचार गरेको र मिति २०७७।६।१२ मा च. नं. २६को पत्रबाट पुनः अनुरोध गरेको छ । अटो भिलेज ब्यवस्थापन समितिले मिति २०७७ असार मसान्त सम्मको जग्गा भाडा रु ४८८०४९०। जम्मा गर्नु पर्नेमा हाल सम्म जम्मा रु ८७१७४०।- (आठलाख एकहत्तर हजार आठसय चालिस रुपैंया) मात्र कार्यालयमा दाखिला गरेका देखिन्छ।अटो भिलेज ब्यबस्थापन समितिलाई भाडा रकम बुझाउन पटक पटक ताकेता गर्दा समेत बुझाएको छैन ।सम्झौतामा दोश्रो पक्ष घोराही उप महानगरपालिका कार्यालयले बहाल रकम बांडफांड गर्ने भनेको हुँदा पहिलो सम्झौता बमोजिम ज.वि.२-७-७|५को मिति २०७४।४।१ देखि मिति २०७६ असार मसान्त सम्मको रु ४७३७५०।- पहिलो चार बर्ष पछीको १० प्रतिसतले बृद्धी भएको रकम रु २३६८७।५० र मिति २०७६ साउन देखि २०७७ असार मसान्त सम्मको रु २६०२६२।५०, गरि जम्मा रु. ७,५७,७००।०० (अक्षरुपि सात लाख सन्ताउन्न हजार सात सय मात्र) स्वर्गद्वारी आश्रमलाई भुक्तानी दिने र दोश्रो सम्झौता बमोजिमको जग्गा मध्ये केहि जग्गा हालसम्म अटो व्यवस्थापन समितिले उपयोग नगरी केहि व्यक्तिहरुले अनाधिकृत रुपमा कब्जा गरी प्रयोग गरिरहेको भन्ने सन्दर्भमा स्वर्गद्वारी आश्रमका पदाधिकारी समेतको सहभागितामा छलफल गरी सत्य तथ्य बुझी ७ दिनमा प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।

तपशिलः

१. श्री शक्तिराम डाँगी : वडा अध्यक्ष वडा नं. १४ : संयोजक
२. स्वर्गद्वारी आश्रमका पदाधिकारी / प्रतिनिधिः सदस्य
३. ई.श्री रामधन श्रेष्ठ : इन्जिनियरः सदस्य
४. श्री ओपेन्द्र वली :अमिनः सदस्य
५. श्री कृष्ण कुमार के.सी.: राजश्व शाखा प्रमुखः सदस्य सचिव

**निर्णय नं. ३:**

घोराही उपमहानगरपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयं सेविकाहरु समुदायमा काम गर्ने क्रममा कोरनाको जोखिम उच्च हुने भएकोले यस क्षेत्रमा कार्यरत २३२ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुको कोरना बिमा गर्ने ।

**निर्णय नं. ४:**

यस कार्यालय अन्तर्गत वडा नं. १२ मा कार्यरत सब इन्जिनियर कमल पुनका बुवा रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. २ नुवा गाउँ गन्युलीपानी निवासी, अत्यन्तै मिलनसार, विकासप्रेमी एवं सामाजिक सेवामा समर्पित श्री भक्त बहादुर पुन वि.स. २०७० साल देखि दुवै मृगौला फेल भई राष्ट्रिय मृगौला उपचार केन्द्र, बनस्थली काठमान्डौमा नियमित औषधि उपचार गरिरहेको हुँदा निजको औषधि उपचारको लागि रु. ३०००० (अक्षरुपि तिस हजार) विविध शिर्षकबाट आर्थिक सहयोग गर्ने ।

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिका १८ नं. वडा कार्यालयको च.नं. ७९२, मिति २०७७/०६/१६ को पत्रानुसार घोराही उपमहानगरपालिकाको मिति २०७६/१२/०३ मा बसेको ७७ औ कार्यपालिका बैठकबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति २०७६/११/१८ , च.नं. १२३५ को पत्रानुसार गत आ.व. २०७६/०७७ मा टिस्यु कल्चर प्लान्ट स्थापनाको लागि जग्गा माग भए बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १८ को मिति २०७६/११/२६ गते च.नं. २९४७ को पत्रानुसार टिस्यु कल्चर प्लान्ट स्थापनाका लागि घोराही उपमहानगरपालिका वडा नं. १८ अन्तर्गत पालेदमार/ सालघारीमा अवस्थित कि.नं. ६५,७१,६६,६७,४० र ७८ को जग्गा विवरण क्रमशः ८५६२, ३८३५, ८५४७२, ३११९१,३०५३, १२२८७ र ६६३० को जम्मा बर्ग मि.१५२०३० जग्गा दिने निर्णय गरेकोले सो जग्गा टिस्यु कल्चर प्लान्ट स्थापनाको लागि उपलब्ध गराउने निर्णय भएकोमा माथि उल्लेखित जग्गामा टिस्यु कल्चर प्लान्ट सहित प्रादेशिक कृषि बजार स्थल स्थापनाको सिफारिसपत्र साथ माग भई आएको हुँदा उपर्युक्त जग्गा मध्ये तपशिल बमोजिम टिस्यु कल्चर प्लान्ट र प्रादेशिक कृषि बजार स्थल स्थापनाका लागि उपलब्ध गराउने ।

तपशिलः

**१. टिस्यु कल्चर प्लान्ट स्थापना**

| सि.नं. | कित्ता नं. | बर्ग मि. |
|---|---|---|
| १. | ६५ | ८५६२ |
| २. | ७१ | ३८३५ |
| ३. | १५८ | ४९८२ |
| ४. | १५९ | १७१८ |

**२. प्रादेशिक कृषि बजार स्थापना**

| सि.नं. | कित्ता नं. | वर्ग मि. |
|---|---|---|
| १. | ६६ | ८५४७२ |
| २. | ६७ | ३११९१ |
| ३. | ४० | ३०५३ |
| ४. | ७८ | ६६३० |

| | | |
|---|---|---|
| ५. | ७७ | १२२८७ |

**<u>निर्णय नं. ६:</u>**

यस घोराही उपमहानगरपालिकाकोले बनाएको “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी घोराही ६ स्थित सिजल निर्माण सेवाका प्रो. पृथ्वी राज डाँगी र घोराही १३ स्थित कृउ निर्माण सेवाका प्रो. राजेन्द्र घर्ती मगरलाई “घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

**<u>निर्णय नं. ७:</u>**

घोराही उपमहानगरपालिका १० नं. वडा कार्यालय नारायणपुरको च.नं. ७२३, मिति २०७७/०६/०६ को सिफारिस पत्र तथा श्री सिद्ध रत्ननाथ नमुना मा.वि. नारायणपुर दाङको च.नं. ६२ मिति २०७७/०६/०६ गतेको प्राप्त पत्रानुसार उक्त विद्यालयको पूर्वतर्फ नारायणपुर इलाका प्रहरी कार्यालय देखि दुरसंचारसम्म जाने बाटो पक्की गर्ने क्रममा विद्यालयको पर्खाल भत्काई उपभोक्ता समितिसंग समन्वय गरी पर्खालको ठाउँमा व्यापारिक सटर निर्माण कार्य र रेक्टोफिटिङ गरिएको भवनको रेक्टोफिटिङ कार्य सम्पन्न भएको तर उपर्युक्त दुवै संरचनाको छानो (टिन) निर्माण कार्य बाँकी रहेको र छानो जडानका लागि विद्यालयसंग थप आयश्रोत नभएको हुँदा स्रोत व्यवस्थापनका लागि भाग भई आएको हुँदा छानो निर्माण कार्यको प्राविधिक मुल्यांकन अनुसारको रकम सार्वजनिक उपयोगिताको सेवा खर्चबाट भुक्तानी दिने ।

**<u>निर्णय नं. ८:</u>**

घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं.१५२ मिति २०७७/०६/१२ को सिफारिस पत्र तथा प्रहरी मुचुल्का अनुसार कटुवा खोला पलासे सैघा वडा कार्यालय सडक खण्डको १० स्थानमा ढिस्को पहिरो आइ सडक अवरुद्ध भएकोले उक्त सडकमा पहिरो फाल्ने तथा अविरल वर्षाका कारण घनश्याम बलबहादुर स्मृति लोकमार्ग सडक खण्डमा पहिरो गइ घर भत्किने अवस्था रहेकोले पहिरो सफा गर्ने र ग्याबिन तारजाली लगाउनका लागि लगत इस्टिमेट अनुसार आ.व. ०७७/०७८ को वार्षिक कार्यक्रम अन्तर्गतको "विपदबाट क्षति भएको भौतिक संरचनाको मर्मत" शिर्षकबाट काम गर्ने।

**<u>निर्णय नं. ९:</u>**

प्रदेश ससर्त अनुदान रकमको १,९१,९३,९९२ ( एक करोड एकानब्बे लाख त्रियानब्बे हजार नौ सय बयानब्बे रुपैया) फिर्ता हुनु पर्नेमा रु. ९१,९३,९९२ मात्र विनियोजन भई फिर्ता भएकोले बाँकी रकम रु. १००००००० ( एक करोड) गत आ.व. २०७६/०७७ को बैंक मौज्दात बाँकीबाट विनियोजन गर्ने ।

**निर्णय नं. १०:**

जुरुट्टे खानेपानी डिप बोरिङको लागि आ.व. ०७७/०७८ को कार्यक्रममा रु. ३०००००|-(तीन लाख) मात्र बजेट विनियोजन भएकोमा, नेपाल विद्युत प्राधिकरणको ल.ई. बमोजिम रु. ५९१९६७|३६ को लागत अनुमान पेश हुन आएकोले नपुग रकम रु.२,९१,९६७|३६ (अक्षरुपि दुइ लाख एकानब्बे हजार नौ सय सठ्सठ्ठी रुपैया छत्तिस पैसा) सार्वजनिक उपयोगिताको सेवा खर्च शिर्षकबाट नेपाल विद्युत प्राधिकरण, घोराही दाङलाई उपलब्ध गराउने।